# मैना सुनार



| | |
|---|---|
| उमेर | : १५ वर्ष |
| ठेगाना | : खरेलथोक गाविस - ६, कटुञ्जे काभ्रे |
| पेशा | : अध्ययन |
| वैवाहिक स्थिती | : अविवाहित |
| राजनीतिक आबद्धता | : सामान्य: जनता |
| घटना मिति | : २०६० फागुन ५ गते |
| घटनास्थान | : पाँचखाल गाविस-६ स्थित नेपाली सेनाको शान्ति तालिम केन्द्र |
| पारिवारिक विवरण | : बाबु पूर्णबहादुर सुनार (आत्महत्या-०६६ असोज २३ गते ) आमा देवी सुनार, भाई - २ जना |
| राहत | : अन्तरिम राहत तीनलाख (२०६९ असार २६ गते) सेनाबाट भराइएको हर्जनासमेत तीन लाख (२०६५ माघ १२ गते) |

## घटना विवरण

खरेलथोक गाविस-६ कटुञ्जे निवासी भगवती माविको कक्षा-९ मा अध्ययनरत १५ वर्षीया छात्रा मैना सुनारलाई ०६० फागुन ५ गते सहसेनानी निरन्जन बस्नेतको कमाण्डमा गएको सेनाको टोलीले घरबाटै डोरीले हात बाँधेर गिरफ्तार गरी पाँचखाल व्यारेकमा लगी चर्को यातना दिएर सोही दिन हत्या गरे । सेनाले पाँचखाल गाविस-६ स्थित व्यारेकनजिकै खोल्सामा लाश गाडेका थिए । सेनाले गिरफ्तारीमा परेकी सुनारलाई बुझ्न त्यही स्कुलका शिक्षक पठाइदिनु भनेपनि शिक्षकहरू जाँदा कुनैचासो नदिएका कारण पीडितका वावु पूर्णवहादुर र आमा देवी सुनार मानवअधिकार संघ-संस्था तथा संचारमाध्यम खोज्दै सहर पसेका थिए ।

पोखरीचौरी गाविस-४ रैकरटोल बस्ने जागृति माबिको कक्षा ७ मा अध्ययनरत १७ वर्षीया रिना रसाईली र पोखरीचौरी गाविस-३ कि १७ बर्षीया सुभद्रा चौलागाईलाई ०६० फागुन १ गते विहान सेनाले सुतेको अवस्थामा उठाएर गोली हानि हत्या गरेका थिए । यी दुवै घटनाको प्रत्यक्षदर्शी पीडितकी आमा देवी सुनार थिइन् । रिना र देवी एकै घरका दिदी-वहिनी भएकाले उनीहरू एकैस्थानमा सुतिरहेको अवस्थामा उठाएर सुरक्षाकर्मीले डोरीले बाँधी घरपछाडिको पाटोमा उत्तीसको फेदमा बाँधेर ३ राउन्ड गोली हानी हत्या गरी पछ्यौराले छोपी हिडेका थिए ।

यही घटनालाई लिएर देवीले दोषी सैनिकहरूलाई कानुनको दायरामा ल्याउन प्रयत्न गरेका कारण तत्कालीन शाही नेपाली सेनाका अधिकृतहरू देवीलाई खोज्न उनको घरमा पुगेका थिए । देवीलाई नभेटेपछि छोरी मैनालाई सुतेको ठाउँबाट उठाई डोरीले बाँधेर क्याप्टेन निरञ्जन वस्नेतको टोलीले व्यारेकमा ल्याएका थिए । व्यारेकमा मैनालाई निकै यातना दिएर मारिएको पाइयो । उनलाई मारिएको स्थान व्यारेक पाँचखालस्थित शान्ति तालिम केन्द्र थियो । जुन व्यारेकमा संयुक्त राष्ट्रसंघ भनेर लेखिएका थुप्रै लोगोहरू देखिन्छन् ।

## सेनाको कोर्ट अफ इन्क्वाइरी बोर्ड गठनको श्रृंखला

- मैना सुनार हत्याका विषयमा सेनाले दिएको जवाफ चित्त नबुझाई राष्ट्रिय-अन्तर्राष्ट्रिय संस्था तथा राजदुतावासबाट असहमत भएर पटक-पटक जानकारी मागेपछि शान्ति सेना संचालन निर्देशनालयका प्रधान सेनापति जीतबहादुर गुरुङको अध्यक्षतामा ०६१ असार १४ गते मैना सुनार हराई बेपत्ता भएको सम्वन्धमा कोर्ट अफ इन्वाइरी बोर्ड गठन भएको र कार्यरथी विभागबाट समेत ०६१ असोज १९ गते ९ नम्बर बाहिनीपतिलाई कोर्ट अफ इन्वाइरी गरी पठाएकोमा यी दुवै कोर्ट अफ इन्वाइरीको प्रतिवेदन समयमा प्राप्त नभएको सेनाको भनाई छ ।
- पोखरीचौरीमा मारिएका रिना रसाइली र सुभद्रा चौलागाई तथा खरेलथोककी मैना सुनारको हत्याका विषयमा छानविन गर्न भनी मोहनबहादुर बस्नेतको अध्यक्षतामा ०६१ फागुन ३ गते बोर्ड गठन भई ०६१ चैत्र १ गते राय पेश गरेको थियो । उक्त बोर्डले दिएको निष्कर्षमा विहान ८:३० बजे व्यारेकमा ल्याइपुऱ्याइएकी मैना सुनारलाई पानीमा चोवल्दा सोही दिन मुखबाट फिँज काढेर ११:३० बजे मृत्यु भएको उल्लेख भएको देखिन्छ ।
- मैना सुनारलाई यातना दिएर हत्या गरेको निष्कर्ष निकालिएपछि किरण शम्सेर थापाको अध्यक्षतामा ०६१ चैत्र १ गते देखी नै लागु हुने गरी दोषीहरूलाई पुर्पक्ष गर्नका लागि बोर्ड अफ इन्क्वाइरी गठन गरी ०६२ बैशाख २ गतेदेखी अदालती कार्वाही प्रारम्भ गरेको सेनाको भनाइ छ । यही बोर्ड अफ इन्क्वाइरीले ०६२ भदौं २३ गते आफ्नो प्रतिवेदन बुझाएको बताइयो । यस समय सेनाले बोर्ड अफ इन्क्वाइरी गठन भएको जानकारी र कारबाही भइसकेको जानकारी एकैपटक सार्वजनिक गरेको थियो ।
- मैना सुनारको हत्यामा संलग्न भनी आरोपित सेनाका मेजर निरञ्जन वस्नेतलाई चाडस्थित शान्ति मिसनबाट फर्काइएको बारे छानबिन गर्नका लागि ०६६ पुस ७ गते नेपाली सेनाले कोर्ट अफ इन्क्वायरी बोर्ड गठन गरेको जनायो । मानवअधिकार उल्लंघनको आरोप लागेका बस्नेतलाई ०६६ मंसिर २७ गते त्रिभूबन अर्न्तराष्ट्रिय विमानस्थलबाट सैनिक प्रहरीले नियन्त्रणमा लिएको थियो । नेपाली सेनाको कार्यरथी विभागमा कार्यरत सहायक रथी प्रदीपबहादुर सिंहको अध्यक्षतामा गठित

तीन सदस्यीय इन्क्वायरी बोर्डले बस्नेतलाई फर्काइएको बारे संयुक्त राष्ट्रसंघसँग पनि सोध्न सक्ने नेपाली सेनाको भनाइ छ । सेनाको प्राड विभागले बस्नेतका विषयमा छानविन गर्नका लागि कोर्ट अफ इन्क्वाइरी बोर्ड गठन भएकाले काभ्रेपलाञ्चोक जिल्ला अदालतमा रहेको फाइलको प्रतिलिपी २ दिनभित्र पठाइदिनका लागि प्रहरी संचारमार्फत ०६६ पुस १४ गते काभ्रे जिल्ला प्रहरी कार्यालयलाई आग्रह गऱ्यो । सोही आग्रह अनुसार काभ्रेपलाञ्चोक जिल्ला अदालतले २०६६ चैत्र १८ गते मागभएअनुसारका प्रतिलिपी पठाएको जनायो ।

## कोर्ट अफ इन्क्वायरीको प्रतिवेदन

तालिम केन्द्रका निमित्त प्रमुख बबी खत्रीको आदेशअनुसार तत्कालीन सहसेनानी निरञ्जन बस्नेतको कमाण्डमा १२ जनाको टोली तयार भई २०६० फागुन ५ गते पलाञ्चोक पुगेको थियो । सहसेनानी द्वय बस्नेत र अधिकारीले घरमा छानबिन गर्दा माओवादी सम्बन्धी कुनैपनि चिजबस्तु फेला पार्न नसकेको प्रतिबेदनमा उल्लेख छ । मैनालाई गिरफ्तार गरेपछि बस्नेतले उनका बाबुलाई 'यसलाई हामीले सोधपुछका लागि लिएर जान्छौ, तिम्री श्रीमती आएपछि पाँचखाल व्यारेकमा पठाइदिनु, सोधपुछपछि फिर्ता पठाइदिन्छौ' भनेका थिए । बाटोमा कुनै 'अप्रिय घटना' नभई मैना सूनारलाई सिधै तालिम केन्द्रमा ल्याइएको थियो ।



मैना सुनार विद्यालय जांदै गर्दा परिवारका साथमा

त्यसपछि खत्री, बस्नेत, अधिकारी, सहसेनानी अमित पुन, हुद्दा मेजर खडकबहादुर खत्री, अफिसर मेसमा रनर काम गर्ने सिपाही डिलबहादुर बस्नेत र सिपाही श्रीकृष्ण थापासमेत सातजनाको उपस्थितिमा मैनालाई सोधपुछ गर्ने कार्यभएको थियो । खत्रीको आदेशअनुसार पानीमा चोबल्न सहसेनानी द्वय सुनिल र अमितले सिपाहीलाई डेक्चीमा पानी ल्याउन अह्रयाएपछि डिलबहादुर र श्रीकृष्ण थापाले ठूलो डेक्चीमा पानी ल्याएका थिए । त्यसपछि मैनालाई पानीमा चोप्दै यातना दिने काम भएको थियो ।

'यसो गर्दा केटीले लगाएको सम्पूर्ण कपडा भिजेको र पटक - पटक निजले पानी सर्केर खोक्ने गरेकी थिइन् भन्ने कुरा समेत बुझिन आएको छ' फैसलामा उल्लेख घटना बिवरणमा भनिएको छ - 'मैना सुनारलाई पानीमा चोबल्ने निकाल्ने कार्य गर्दा कुनै कुरा बकाउन नसकेपछि बबी खत्रीले अब यसलाई करेन्ट लगाएर सम्झाउने भनी आदेश दिएपछि सुनिल र अमितले श्रीकृष्ण थापालाई करेन्ट लगाउन अह्राएअनुसार निज सिपाहीले गिजरको लाइनबाट तार जडान गरी 'यसको शरीरको कुन भागमा लगाऊँ' भन्दा 'पैताला र हातमा लगा' भनी आदेश पाएपछि मैना सुनारको भिजेको पैताला र हातको नाडीमा करेन्ट लगाउने कार्य भएको रहेछ ।'

सेनाको कोर्ट अप इन्क्वायरीको फैसलाअनुसार चार पाँच चोटी करेन्ट लगाईसकेपछि नाडीबाट रगत आएको देखि श्रीकृष्ण थापा डराएर विस्तारै पछि हटी करेन्ट लगाउन छोडेका थिए । मैना त्यतिबेला सिथिल भइसकेकी र करेन्ट लगाउँदा आफू २/३ महिना माओवादी गतिविधिमा लागेको स्वीकार गरेकी थिइन् । तर थापा हटेपछि पनि सुनिल र अमितले खडकबहादुर खत्रीलाई अझै करेन्ट लगाएर सम्झा भनी अह्राएपछि उनले फेरी करेन्ट लगाएका थिए । करिब डेड घन्टाको चरम यातनापछि उल्लेखनीय कुरा नखुलेपछि खाना खाएर सोधपुछ गर्ने भनी मन्दिर निरको हावाघरमा लगिएको थियो । आँखामा पट्टी लगाएको र हात पछाडि बाँधीएको अवस्थामा राखिएकी मैनाका लागि सेन्ट्रि खटाइएको थियो । त्यो बेला खडकबहादुर खत्री र श्रीकृष्ण थापा समेत रहेका थिए । दिनको करिव ११ बजे मैनाले बान्ता गरी मुखबाट फिँज निकालेर गम्भीर अबस्थामा पुगेको जानकारी बबी खत्रीलाई दिइएको थियो । 'मेडिकल अर्दली आई चेक गर्दा मृत्यु भई सकेको भन्ने जानकारी गराएको' विवरणमा भनिएको छ । यसरी मैना सुनारको मृत्यु भई सकेपछि सो घटनालाई गुपचुप राख्नुपर्छ भनी बबी खत्रीको आदेश भएको हुँदा गोप्यता अपनाई शव

गाड्नेतर्फ सोच बनाई खत्रीले अमित पुनलाई गोप्य तरिकाले शव गाड्ने आदेश दिएको र निरञ्जन बस्नेतलाई पाँचखाल प्रहरी चौकीबाट मुचुल्का बनाउने कार्यका लागि प्रहरी ल्याउन आदेश दिएका रहेछन्' घटना विवरणमा उल्लेख छ ।

गोप्यरूपमा लास गाड्ने आदेश पाएका पुनले जमदार सुरेन्द्रलाई बोलाई घटनाको जानकारी दिई अधिकृत मेसभन्दा उत्तरपूर्व तारको बारभन्दा करिब ५०/६० मिटरबाहिर खाडल खन्ने आदेश दिएको र केही समयपछि अधिकृत मेसमा रहेका सिपाही डिलबहादुर बस्नेत र श्रीकृष्ण थापालाई एक-एकवटा बोरा ल्याउन आदेश दिइएको थियो । दुईवटा बोरा मृतकको खुट्टा र टाउकोबाट छिराई गाडीमा हाल्न लगाई अमितले नै शव भएको ठाउँमा लगेका थिए । 'शवलाई खाल्डोको नजिक राखि बोरा निकाल्न लगाई सहसेनानी अमितले सिपाही डिलबहादुर बस्नेतलाई कोल्ट कमाण्ड हतियारबाट एक राउण्ड मृतकको पिठ्यूमा हान्न आदेश दिएका र उनले फायर गर्दा मृतकको शरिरमा नलागेपछि अमित स्वयंले सो हतियारबाट २ राउन्ड फायर गरेको तर एउटा राउन्ड मात्र मृतकको पिठ्युँमा लागेको भन्ने बुझिन आयो' विवरणमा भनिएको छ ।

मृतकलाई गोली हानिसकेपछि अमितले शवको फोटो खिची तत्कालीन समयमा खटिएका फाल्वर्ससमेत भई शब गाडेका थिए । उता मुचुल्काका लागि पाँचखाल प्रहरी कार्यालयबाट आएका एक प्रहरी नायब निरीक्षक, एक प्रहरी सहायक निरीक्षक र एक प्रहरी जवानसहितलाई निरञ्जनले प्रतिबेदन दिए । त्यसबेला महासेनानी खत्रीले प्रहरीलाई पक्राउ गरेर ल्याएकी मैना होक्से भन्ने ठाउँमा गाडीबाट हाम्फाली सुरक्षा घेरा तोडी भाग्न खोज्दा सुरक्षा फौजको गोली लागी मरेको 'काल्पनिक कथा' वनाई शवको प्रकृति मुचुल्का बनाउन लगाएका थिए ।

सर्वोच्च अदालतबाट फैसला सहितको सक्कल मिसिल माग भएकोमा कार्यरथी विभागबाट खाममा लाहाछाप गरी सैनिक अदालतको फैसला मात्र सर्वोच्च अदालतमा पेश गरियो । सो मिसिल कहाँ राखिएको थियो भन्ने कुरा मुद्दाका पक्षलाई पनि थाहा थिएन । सेनाको कार्यरथी विभागबाट अदालत समक्ष पेश भएको कागजातको नक्कल माग गर्दै २०६४ असार १३ गते पीडितको तर्फबाट दिइएको निवेदनमा सर्वोच्च अदालतका सह-रजिष्ट्रारले 'माग गरिएका कागजात गोप्य हुँदा नक्कल दिन मिलेन, कानुनबमोजिम गर्नु' भनी दरपीठ गरिदिए । सर्वोच्च अदालतजस्तो उच्च न्यायिक निकाय पनि सेनाको डरबाट मुक्त नभएको स्थितिमा उक्त आदेश बदरको माग गर्दै २०६४ असार २० गते इजलास समक्ष अर्को निवेदन पर्‍यो । उक्त निवेदन उपर २०६४ असोज १ मा सूचना सम्वन्धी ऐन २०६४ मा उल्लेख भए अनुसार नक्कल दिन मिल्ने आदेश भएपछि सैनिक अदालतको फैसला सार्वजनिक भयो । तर यस अगाडि नै फैसलालाई कान्तिपुर दैनिकले ०६३ भदौ १४ गते 'सैन्य दस्तावेज भन्छ - यसरी मारिइन् मैना' शीर्षकमा सार्वजनिक गरिसकेको थियो ।

## शव उत्खनन्

मृतक मैना सुनारको कंकाललाई पाचँखाल गाविस-६ स्थित बुट्यान नजिकैबाट ०६३ चैत ९ गते उत्खनन् गरियो । नेपाल प्रहरीले फौजदारी अनुसन्धान गर्नेक्रममा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोग र राष्ट्रिय मानवअधिकार आयोगको प्राविधिक सहयोगमा लास उत्खनन् गरेको हो । त्रिबि शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभागका प्याथोलोजिष्ट डा. हरीहर वस्ती र डा.प्रमोदकुमार श्रेष्ठ तथा अर्न्तराष्ट्रिय विधिविज्ञ मरिया मोसिलियोको टोलीले पाँच फिट खनेर लास निकालेका थिए । लास खन्दा २ फिट ७ इन्चको भागमा १२ वटा चेप्टो ढुंगा भेटिएको थियो । पूर्वतर्फ टाउको र पश्चिम



**मैना सुनारको उत्खनन् गरिएको कंकाल ।**

खुट्टा पारी उत्तानो अबस्थामा ढुंगाले थिची गाडेको उक्त कंकाल शरिरको हड्डी टुक्रिएको अबस्थामा उत्खनन् गरिएको थियो । ४ फिट ९ इन्चको खाडल खनी १ मिटर ४ सेमीको चौडाई भागमा लास गाडेको पाइएको थियो । लास तालिम केन्द्रको १६७ फिट पश्चिम थियो । लासबाट मृतकले लगाएको चेप्टो लकेटसहितको पोतेको माला र गाँठो पारिएको डोरी भेटिएको थियो । उक्त माला आफ्नी छोरीको भएको देवीले बताइन् । खाल्डो खन्न बिहान ११ बजेबाट करिब सात घण्टाको समय लागेको थियो । डा.वस्तीका अनुसार मैनाको छातीको एउटा करङ टुक्रिएको थियो । शरीरको पछाडिपट्टि १२ वटा करङ हनुपर्नेमा उनमा १३ वटा करङको टुक्रा थियो । १३ वटा करङ भएको मान्छे लाखौमा १/२ वटा मात्र फेला पर्छ । लास उत्खननका क्रममा कुनै पनि कपडाहरू नपाइएकाले उनलाई नाङ्गो पारी गाडिएको अनुमान छ । परीक्षणबाट उक्त लास मैना सुनारकै भएको पुष्टि भएको छ ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले ०६३ चैत १० गते निकालेको विज्ञप्तिमा अघिल्लोदिन पाँचखालस्थित सेनाको तालिम केन्द्रको मैदानमा उत्खनन् गरिएको लासबाट छानविनका लागि सकारात्मक उपलब्धि भएको उल्लेख गऱ्यो । मैना सुनारको शव उत्खनन् न्यायको खोजीतर्फ अत्यन्त महत्वपूर्ण खुड्किलो भएको विज्ञप्तिमा उल्लेख छ । मैना सुनारको ठानिएको कंकालको उत्खनन् उनको आरोपित यातना र मृत्युका लागि न्यायको खोजी तर्फ एक अत्यन्त महत्वपूर्ण खुट्किलो हो । कार्यालयका अफिसर इन्चार्ज स्यान्ड्रा बेइडासले जारी गरेको विज्ञप्तिमा भनिएको छ - 'को जिम्वेवार थियो, भन्ने निर्धारण गर्न तथा तिनीहरूलाई पूर्णरुपले जवाफदेही बनाउन अब प्रहरीले पूर्ण फौजदारी छानबिन अगाडि बढाउनुपर्छ ।' नेपाली सेनासँगको सहयोगमा प्रहरीद्वारा घटनाको पूर्ण छानविन हुनु अति आवश्यक भएको विज्ञप्तिमा उल्लेख छ । ०६३ माघमा नेपाल भ्रमणका क्रममा मानवअधिकार उच्चायुक्त लुइस आर्बरले गृहमन्त्री र प्रधानसेनापतिद्वारा मैना सुनार हत्याकाण्डको अविलम्ब छानविन गरिने आश्वासन पाएको पनि विज्ञप्तिमा उल्लेख छ । अहिले मैनाको अस्थिपञ्जर त्रिभुवन विश्वविद्यालयको फरेन्सिक ल्यावमा राखिएको छ । मृतक मैनाको लास उत्खननपछि डि.एन.ए. परीक्षणका लागि भारतको सि.डि.एफ.डि.हैदराबादमा पठाइएकोमा डि.एन.ए.परीक्षण प्रतिवेदन मैना सुनारकै भएको एकिन गरी केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामार्फत ०६५ असार ३० गते जिल्लामा प्राप्त भयो ।

## मेजर बस्नेत शान्ति मिसनबाट फिर्ता

किशोरी मैना सुनारको हत्यामा संलग्न भनी आरोपित सेनाका मेजर निरञ्जन वस्नेतलाई ०६६ मंसिर २८ गते अदालतमा उपस्थित गराउन प्रधानमन्त्रीद्वारा निर्देशन भएपनि नेपाली सेनाले आरोपित बस्नेतलाई अदालतमा उपस्थित गराएन । संयुक्त राष्ट्र संघले चाडस्थित शान्ति मिसनबाट फर्काइएका आरोपीत मेजर निरन्जन बस्नेतलाई सैनिक प्रहरीले आफ्नै गाडीमा राखेर जंगी अड्डा पुऱ्याएको थियो । उनलाई मानवअधिकार उल्लंघनकर्ताको अभियोगमा ०६६ मंसिर २७ गते त्रिभूबन अर्न्तराष्ट्रिय विमानस्थलबाट सैनिक प्रहरीले गिरफ्तार गरेको समाचार पत्रपत्रिकामा आयो । पत्रिकामा समाचार आएपछि जिल्लाभित्र र बाहिरका गरी ३ दर्जन पत्रकार र मानवअधिकारकर्मीहरू दिनभर अदालत परिसरमा जम्मा भएका थिए । नेपाली सेनाको इतिहासमै मानवअधिकार उल्लंघनको आरोपमा एकजना नेपाली सेनालाई फर्काइएकाले उनलाई कार्वाही गर्न रक्षा र गृहमन्त्रीलाई प्रधानमन्त्रीले आदेश दिएका थिए । आन्तरिक द्वन्द्वबाट पीडित चाडमा शान्ति स्थापनाका लागि कालिजंग गण अर्न्तगत कार्यरत मेजर वस्नेतलाई फिर्ता गर्नका लागि सयुक्त राष्ट्रसंघले नेपाल सरकारलाई पत्र काटेको थियो ।

०६६ मंसिर २३ गते मैनाकी आमा देवी सुनारले अदालतबाट पक्राउ आदेश जारी भएको महिनौं बित्दा पनि अभियुक्तहरू पक्राउ नभएको भन्दै प्रधानमन्त्रीलाई खुलापत्र लेखेकी थिइन् । त्यसको लगत्तै प्रधानमन्त्रीले रक्षा र गृहमन्त्रीलाई भेटी कार्वाही प्रक्रिया अघि बढाउन निर्देशन दिएका थिए । तर पछि सेनाको दवावका कारण बस्नेतलाई अदालतमा बुझाउने विषयमा प्रधानमन्त्री माधवकुमार नेपाल र रक्षामन्त्री विद्यादेवी भण्डारीको फरक-फरक धारणा सार्वजनिक भयो । पत्रकारहरूसँग अदालतमा बुझाउन निर्देशन दिएको भनिएपनि केही समयपछि उनीहरू सेनाको 'आन्तरिक सवाल' भनी पन्छिएको अवस्था देखियो ।

चाडस्थित शान्ति स्थापनार्थ मिसनबाट फर्काइएका बस्नेतलाई अदालतमा बुझाउने विषयमा सरोकारवालाहरूवीचमा पनि विभाजित मनस्थिती देखियो । राष्ट्रसंघले ०६६ मंसिर २३ गते बस्नेतलाई

फर्काउन सरकारलाई परिपत्र गरेपनि आफूलाई उक्त विषयको जानकारी नदिएको रक्षा मन्त्रीको भनाइ सार्वजनिक भयो । प्रधानसेनापति छत्रमानसिंह गुरुङ, कानून विभाग प्रमुख उपरथि बीएकुमार शर्मा र केही बरिष्ठ जर्नेलहरूको बैठक वसी बस्नेतलाई फिर्ता गरिएको बारे राष्ट्रसंघसँग जानकारी माग्ने निर्णय गरेका थिए । केही बरिष्ठ जर्नेलहरूको ०६६ मंसिर २८ गतेको बैठकले बस्नेतलाई अदालतमा उपस्थित गराउनु भन्दा फिर्ता किन गरियो भनि राष्ट्रसंघलाई उल्टै सोध्ने र आन्तरिक रुपमा नै बस्नेत फिर्ता प्रकरणबारे विस्तृत अध्ययन गर्ने जानकारी दिइयो ।

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायोगले राष्ट्रसंघको मुख्यालयमा आरोपित मेजर बस्नेतलाई फौजदारी अभियोग लागेको भएपनि बढुवा गरी शान्ति मिसनमा पठाएको जनाएको थियो । मेजर वस्नेत समेत उपर काभ्रेपलाञ्चोक जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा दायर भै फरार जनिएकोले अदालतबाट वारेन्ट जारी भएकै कारणले संयूक्त राष्ट्रसंघले निजलाई अभियोजनको कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले नै फिर्ता पठाएको थियो । तर, प्रहरीले आरोपितलाई पक्राउ गरि अदालत समक्ष उपस्थित गर्नुपर्नेमा त्यसो नगरी सेनाले नै नियन्त्रणमा लिई २४ घण्टा पुरा भइसक्दा पनि अदालत समक्ष प्रस्तुत गरेन । मेजर बस्नेतलाई अदालतमा बुझाइयोस भनेर राष्टिय तथा अन्तराष्ट्रिय मानवअधिकार संघसंस्थाहरूले व्यापकरुपमा आवाज उठाउँदै दवाव श्रृजना गरेपनि बस्नेतलाई नागरिक अदालत समक्ष बुझाइएन ।

## बस्नेतलाई अदालतमा बुझाउन आग्रह

- मैना सुनारको हत्या अभियोगमा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट पक्राउपुर्जी जारी भई प्रहरीद्वारा खोजतलास भई रहेका नेपाली सेनाका मेजर फरार अभियुक्त निरन्जन बस्नेतलाई संयुक्त राष्ट्रसंघको चाडस्थित मिसनबाट फिर्ता पठाइएकोमा ०६६ मंसिर २७ गते त्रिभूवन विमानस्थलवाट निजलाई प्रहरीले पक्राउ गरि अदालत समक्ष उपस्थित गर्नुपर्नेमा त्यसो नगरी सेनाले नियन्त्रणमा लिई २४ घण्टा पुरा भइसक्दा पनि अदालत समक्ष प्रस्तुत नगरिएको तर्फ जवाफदेहीता निगरानी समितिले कडा आपत्ती जनायो । जवाफदेहीता निगरानी समितिका अध्यक्ष सुशिल प्याकुरेलले ०६६ मंसिर २८ गते एक विज्ञप्ती प्रकाशित गरी दण्डहिनताको अन्त्य र कानुनी शासनको स्थापनाका लागि आरोपित व्यक्तिलाई अदालत समक्ष बुझाउन आग्रह गरेका हुन् ।
- अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुवोधराज प्याकुरेलले ०६६ मंसिर २९ गते विज्ञप्ती प्रकाशन गरी नेपाली सेनाले कानुन मान्छ कि मान्दैन ? भनी प्रश्न गरे । विज्ञप्तीमा भनिएको छ - 'गम्भीर प्रकृतिको अपराधमा छानवीन र फैसला समेत भएका व्यक्तिलाई राष्ट्रसंघीय मिसनमा पठाउँदा रक्षामन्त्रीलाई ढाँटियो कि उहाँले जानाजान छनौट गर्नुभयो ? प्रहरीले अदालतको आदेशानुसार मेजर बस्नेतलाई सुपुर्दगी गर्न लेखेको पत्रलाई बेवास्ता गर्दा गृहमन्त्रीको प्रतिक्रिया के छ ? हामी नेपाल सरकारसमक्ष अनुशासन, कानूनको शासन र राष्ट्रिय मर्यादामा आँच पुऱ्याउने गरी यो काण्डमा सामेल सैनिक निजामती सम्पूर्ण पदाधिकारीहरू उपर निगरानी गर्न, कारबाही गर्न र आफ्नो नैतिक एवं कानुनी जिम्मेवारी निर्वाह गर्न जोडदार माग गर्दछौं ।'
- एम्नेष्टी इन्टरनेशनलले १४ डिसेम्वर २००९ मा एक विज्ञप्ती निकाली किशोरी मैना सुनारको हत्या गरेको आरोप लागेका सेनाका मेजर निरञ्जन बस्नेतलाई नागरिक अदालतमा हस्तान्तरण सुनिश्चित गर्न सरकारसँग आग्रह गऱ्यो । एमनेष्टीले आफ्नो विज्ञप्तीमा भनेको छ - 'प्रधानमन्त्री माधवकुमार नेपालले विमानस्थलबाटै गिरफ्तार गरी अदालतमा उपस्थित गराउन आदेश दिएपनि सैनिक प्रहरीले 'स्कर्ट गरेर' सैनिक मुख्यालयमा लगेको थियो । नेपाली सेनाका निम्ति मानवअधिकारप्रतिको प्रतिवद्धता र दण्डहीनताको अन्त्यका निम्ति प्रतिवद्धता जनाउने यो महत्वपूर्ण अवसर हो ।'
- अमेरिकी सिनेटर पेट्रिक लेहीले मेजर निरञ्जन बस्नेतलाई नेपाली सेनाले प्रहरीमा नबुझाएकोमा अमेरिकी कंग्रेस र विदेश मन्त्रालयको ध्यानाकर्षण गराए । सिनेटमा ०६६ पुस ३ गते नेपालमा न्यायबारे विशेष मन्तव्य दिँदै नेपाली सेना लोकतान्त्रिक भएको देखाउन सेनापतिलाई आग्रह गरे । नेपाली सेनाको शुरुको प्रतिवद्धता, प्रहरीको अनुरोध र प्रधानमन्त्रीको निर्देशनविपरित प्रहरीलाई

अझै हस्तान्तरण नगरिएको बताउँदै उनले मिसनमा सैनिक छनौंट प्रक्रिया असंगत भएको पुष्टि यस घटनाले गरेको उल्लेख गरे ।

- इन्टरनेसनल कमिसन अफ जुरिष्ट (आइसिजे) ले ०६६ मंसिर २९ गते विज्ञप्ती जारी गरी बस्नेतलाई पूर्पक्षका लागि काभ्रेपलाञ्चोक जिल्ला अदालतमा उपस्थित गराउन सरकारलाई आग्रह गऱ्यो । 'बस्नेतलाई गैरसैनिक अदालतमा उपस्थित गराउन अस्वीकार गरिएसम्म नेपाली सेनाले न्यायमा बाधा पुऱ्याइरहेको हुन्छ ।' आइसिजे एसिया प्रशान्त निर्देशक रोजर नोरम्यान्डले भने सर्वोच्च अदालतको फैसलाको सम्मान तथा पालना गर्नेतर्फ एव्म वैध पक्राउ पूर्जि स्वीकार्नेतर्फको असफलताले कानुनविहिनताको संकेत गर्छ । यस मुद्दामा गैरसैनिक न्यायालयसमक्ष न्यायिक उपचार सुनिश्चित गरिएमा त्यसले नेपालको शान्ति प्रक्रियाको जगलाई बलियो बनाउँदै दण्डहिनतालाई अव सहिने छैन भन्ने अत्यन्त आवश्यक शन्देश दिनसक्छ । जवाफदेहीता निगरानी समितिले २०६६ फागुन ५ गते नेपाल : पन्ध वर्षे मैना सुनुवारको यातना तथा हत्याका लागि अधिकारकर्मीहरूले न्याय प्रदान गर्नैपर्छ शिर्षकमा विज्ञप्ती प्रकाशन गऱ्यो ।
- राष्ट्रिय मानवअधिकार आयोगले मैना सुनार हत्याका आरोपित मेजर निरञ्जन बस्नेतलाई अदालतमा बुझाउनुको साटो नेपाली सेनाले 'कोर्ट अफ इन्क्वायरी' गठन गरेको विषयमा आफ्नो ध्यानाकर्षण भएको जनायो । ०६६ पुस ९ गते आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्र लेखी मानवअधिकार उल्लंघनसम्बन्धी गम्भीर प्रकृतिका मुद्दा नियमित अदालतबाहेक सैनिक अदालत वा जनअदालत वा सोही प्रकृतिका अन्य कुनै अदालतको क्षेत्राधिकारभित्र नपर्ने स्पष्ट गऱ्यो । पत्रमा मानवअधिकार आयोगले गरेको सिफारिस र सर्वोच्च अदालतको आदेशलाई सम्मान गर्न पनि सरकारको ध्यानाकर्षण गरियो ।
- मैनाकी आमा देवीले ०६६ पुस ९ गते काठमाडौंको नेपाल बार एशोसियसनको हलमा पत्रकार सम्मेलन गरि अदालतले वारेन्ट जारी गरेका निरञ्जन बस्नेतलाई नागरिक अदालतमा पठाउन आग्रह गरिन । सेनाको कारबाही चित्त नबुझेर आफू अदालत गएको स्मरण गराउँदै उनले नागरिक अदालतबाट जे निर्णय हुन्छ त्यो आफूलाई स्वीकार्य भएको बताइन ।

## न्याय

- कर्तव्य ज्यान मुद्दा लगाएर २०६४ माघ १७ मा सरकारी मुद्दासम्वन्धी ऐन २०४९ को दफा १८ अर्न्तगत ६५ नम्बरमा दर्ता गरिएको अभियोग-पत्रमा काठमाडौं-३३ ज्ञानेश्वर घर भई पाँचखालस्थित शान्ति कार्य तालिम केन्द्रमा कार्यरत महासेनानी बबी खत्री, काठमाडौं-३ बाँसबारी घर भई तत्कालीन पाँचखालस्थित शान्ति कार्य तालिम केन्द्रमा कार्यरत सहसेनानी सुनिलप्रसाद अधिकारी, रुपन्देही जिल्ला आनन्दबन गाविस-३ घर भई तात्कालीन पाँचखालस्थित शान्ति कार्य तालिम केन्द्रमा कार्यरत सहसेनानी अमित पुन र दोलखा जिल्ला मकैबारी गाविस-९ घर भई तात्कालीन पाँचखालस्थित शान्ति कार्य तालिम केन्द्रमा कार्यरत सेनानी निरञ्जन बस्नेतलाई बिपक्षी बनाइएको छ । अभियोग पत्रसँगै एकसय ३३ वटा सबुद प्रमाणहरू संलग्न गरिएको छ ।
- मैना सुनारको हत्या अभियोगमा सैनिक अदालतसँग बयान गरेका आरोपितमध्येका चार जनाको बयानको प्रतिलिपी नेपाली सेनाले काभ्रे अदालतलाई पठाएपनि अन्य आरोपितहरूको वयान प्रतिलिपी नपठाएकाले तत्काल पठाइदिनका लागि काभ्रे अदालतले निर्देशन दिएको छ । प्रतिलिपी उपलब्ध गराएको पत्रमा सेनाले सैनिक अदालतलाई सक्षम अदालत भएको दावी गरेको छ । नेपाली सेना प्राड विवाकका उपरथि बिएकुमार शर्माको हस्ताक्षर रहेको २०६६ चैत्र २७ गतेको उक्त प्रतिलिपी उपलब्ध गराइएको पत्रको अन्त्यमा लेखिएको छ - 'सक्षम अदालतबाट एकपटक पुर्पक्ष भैसकेको मुद्दाको विषयमा जंगि अड्डाबाट पुनः कुनै थप कार्वाही अगाडी नबढाइएको व्यहोरा सादर अनुरोध छ ।'
- काभ्रेपलाञ्चोक जिल्ला अदालतले अभियोगपत्र सहितको मिसिल दर्ता गर्नु र फरार रहेका प्रतिवादीहरूलाई सातदिने वारेन्ट र ७० दिने म्यादी पुर्जी समेत जारी गरी म्याद नाघेपछि नियमअनुसार इजलासमा पेस गर्न भनी ०६४ माघ १७ गते आदेश दिएको थियो । यसैगरी

काभ्रेपलाञ्चोक जिल्ला अदालतले ०६६ असोज १ गते निरञ्जन बस्नेतको हकमा सैनिक ऐन २०६३ को दफा ६६ (३) बमोजिम गर्नका लागि सेनाको कार्यरथी विभागमा लेखी पठाउन आदेश गऱ्यो । अदालतले ०६६ मंसिर २ गते मुद्दामा उल्लेखित पक्षहरूलाई बकपत्रसमेत गरायो ।

- अदालतको आदेशपछि निरञ्जन बस्नेतका नाममा ०६४ माघ १७ गते वारेन्ट जारी भएकोमा दोलखा जिल्लाको जिल्ला प्रहरी कार्यालयले निरञ्जन बस्नेतको घरमा ०६५ वैशाख १९ गते वारेन्ट र म्यादी पुर्जी टाँसेको जवाफ काभ्रेपलाञ्चोक जिल्ला अदालतलाई पठायो । यसैगरी रुपन्देही जिल्ला प्रहरी कार्यालयले अमित पुनको घरमा ०६४ चैत ४ गते सूचना टाँसेको जनायो । तात्कालिन कर्णेल बबी खत्रीको घरमा ०६५ असार २९ गते र सुनिल अधिकारीको वारेन्ट ०६५ असार १७ गते तामेली भएको अदालतले जनायो । वारेन्टसहितको म्यादी पुर्जी ०६४ फागुन ६ गते काभ्रेको जिल्ला प्रहरी कार्यालयले चारै जना विपक्षीको नाममा पठाएको छ । छात्रा मैना सुनारको हत्यामा संलग्न देखिएका कर्णेल बबी खत्रीलाई ०६६ जेठ १४ गते रक्षा मन्त्रालयले अवकास दियो । तात्कालिन रक्षामन्त्री विद्यादेवी भण्डारीले खत्रीको २ वर्ष पदावधी थप्नका लागि जंगी अड्डाले गरेको सिफारिस अस्वीकार गरेकी हुन् । यस समयमा कर्णेल बवि खत्री सेनाको गुप्तचर विभागमा कार्यरत थिए ।
- मैना सुनारको हत्या अभियोग लागेका पूर्व सैनिकहरूको सम्पति रोक्का गर्नका लागि काभ्रेपलाञ्चोक जिल्ला अदालतले ०६७ जेठ ९ गते परिपत्र गरेको छ । काभ्रेपलाञ्चोक जिल्ला अदालतले ०६९ माघ १४ गते मध्य क्षेत्रीय प्रहरी कार्यालय हेटौडालाई पत्र लेखी आरोपितहरूको हालको अवस्था वा कार्यरत स्थानको बारेमा खुलाई पठाउन पत्राचार गरेको छ । कर्तव्य ज्यान अर्न्तगतको यो मुद्दा काभ्रेपलाञ्चोक जिल्ला अदालतको दराजमा थन्किएको छ । घटनाका विषयमा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा निकै चासो बढे पनि हालसम्म दोषीहरूलाई नेपाली सेनाले नागरिक अदालतमा बुझाएको छैन ।

## तीन महिनामा अनुसन्धान सक्न अदालतको आदेश

मैनाकी आमा देवी सुनारले ०६३ पुस २६ गते सर्वोच्च अदालत काठमाडौंमा विपक्षी निकायहरूलाई कानुनले तोकेको कर्तव्य पालना गराउन परमादेशको माग गरी रिट दायर गरिन् । कानुनले समानताको हक र कानुनको समान संरक्षणबाट कसैलाई वञ्चित नगर्ने उल्लेख गरेपनि अभियुक्तहरूलाई हालसम्म पक्राउ नगरेको रिटमा उल्लेख छ ।

देवीले अनुसन्धानको काम तत्काल अगाडि बढाउन र अभियुक्तहरूलाई पक्राउ गर्नुभनी परमादेशको माग गरिन् । सेनाको अपारदर्शी तथा तथाकथित निर्णयका आधारमा फौजदारी अपराधका दोषीहरू उम्कन नदिन उनले माग गरिन् । सरकारी मुद्दासम्बन्धि ऐन २०४९ अनुसार देवीले प्रमाणको नास हुन नदिन, अपराधीहरूलाई पक्राउ गर्न, प्रमाण संकलन तथा तहकिकात गर्न, सरकारी वकिलको कार्यालयमा अपराधको प्रारम्भिक प्रतिबेदन पठाउन, अपराधसंग सम्वन्धीत विवरण र ठाउँको खानतलासी लिन र शंकास्पद मानिसलाई पक्राउ गर्न विपक्षी निकायलाई परमादेशको माग गरेकी हुन् । सैनिक अदालतले कर्णेल बवी खत्री, सहसेनानीद्वय सुनिल अधिकारी र अमित पुनलाई दोषी ठहर गरिसकेको र संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले समेत कार्वाही अपूर्ण भनिरहेको अवस्थामा नेपाली सेनाले दोषी सैनिकहरूको संरक्षण गरीरहेकोले आफ्नो मानवअधिकारको संरक्षणका लागि देवी सर्वोच अदालत गएकी हुन ।

सर्वोच्च अदालतका न्यायधिश द्वय अनुपराज शर्मा र रामकुमार प्रसाद शाहको संयुक्त इजलासले रिट नम्बर ६४१ माथि ०६४ साल बैशाख २५ गते गरेको आदेशमा भनिएको छ - 'नेपाली सेना कार्यरथी विभाग जङ्गी अड्डाबाट कोर्ट अफ इन्क्वाइरी भै फैसला भएको भनी उक्त अड्डाबाट प्रहरी प्रधान कार्यालयलाई लेखि पठाएको भन्ने जिल्ला प्रहरी कार्यालय काभ्रेको लिखित जवाफबाट देखिएकाले उक्त मितिको फैसलासहितको सक्कल मिसिल ७ दिनभित्र यस अदालतमा पठाइदिनु ।' साथै, जिल्ला सरकारी वकिल कार्यालय काभ्रेबाट ०६३ फागुन १ मा अनुसन्धान कार्वाही अगाडि बढाउनु भनी जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिइसकिएको भन्ने लिखित जवाफ देखिँदा उक्त निर्देशनबमोजिम के कस्तो अनुसन्धान कार्वाही भएको छ सो को स्पष्ट विवरणसहित ७ दिनभित्र यस अदालतमा पठाउनु भनी जिल्ला

प्रहरी कार्यालयलाई आदेश दियो । रिटमाथि सुनुवाई गर्दै ०६४ असोज १ गते सर्वोच्च अदालतले 'यति लामो समय बितिसक्दा पनि अनुसन्धान प्रभावकारी रुपमा भएको नदेखिँदा यो आदेश प्राप्त भएको मितिले ३ महिनाभित्र अनुसन्धान पुरा गर्नु' भनी विपक्षीको नाममा परमादेशको आदेश जारी गऱ्यो । सर्वोच्च अदालतका न्यायधिश द्वय मीनबहादुर रायमाझी र रामप्रसाद श्रेष्ठको संयुक्त इजलासले उक्त ८ पेज लामो परमादेशको आदेश जारी गरेको थियो । यो आदेशका कारण मुद्दालाई अदालतमा पुऱ्याउन प्रहरी बाध्य भएको हो ।

## राष्ट्रिय मानवअधिकार आयोगको निर्णय

राष्ट्रिय मानव अधिकार आयोगले ०६४ माघ २१ गते मैना सुनारको यातना र हत्या सम्वन्धमा अनुसन्धान पूरा गरी निर्णय दियो । 'काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गाविस-६ बस्ने तथा श्री भगवती मावि खरेलथोकमा कक्षा ९ मा अध्ययनरत मैना सुनारलाई मिति २०६० फागुन ५ गते बिहान ६.३० बजे आफ्नै घरबाट सुरक्षाफौजले बिनाकारण पक्राउ गरी अज्ञात स्थलतर्फ लगेको र निजको स्थिती अज्ञात रहेकाले निजको अवस्था सार्वजनिक गरी जीवन रक्षा गरिदिन आयोगमा उजुरी दर्ता हुन आएकोमा पाँचखालस्थित एक बन्दीले मैना सुनारको बारेमा दिएको बयानअनुसार मिति २०६० फागुन ५ गतेको ८:३० बजे निजलाई खरेलथोक गाविसस्थित निजको घरबाट सुरक्षाफौजले पक्राउ गरी पाँचखाल ब्यारेकमा ल्याएको । गलत तरीकाबाट बयान लिने क्रममा निज शिथिल भएको कारणबाट खाना नखाई बेहोश भएकोमा सोही मितिको ११:३० बजे निजको मृत्यु भएको । निजको मृत्यु पश्चात् परिवारलाई खबर नगरी गलत तरीकाबाट लाश गाडिएको त्यस पश्चात् यस घटनाको सम्बन्धमा कोर्ट अफ इन्क्वायरी गठन भएको । उक्त कोर्ट अफ इन्क्वायरीबाट माथि उल्लेखित तीनजना अधिकृतहरूबाट निज मैना सुनारलाई मार्ने उदेश्य नभएता पनि अन्य कुनै कारणबाट मरेको हुनसक्ने उल्लेख गरी लाशलाई गलत तरीकाले प्रक्रिया नपुऱ्याई गाडेको पाइएकोले कोर्ट मार्शलबाट उल्लेखित तीन जना अधिकृतहरूलाई सोधपुछ गर्दा सही प्रकृया नअपनाएको र नियमानुसार लाश सम्बन्धितलाई जिम्मा नलगाइएको कसुरमा दोषी ठहऱ्याई महासेनानीलाई दुई बर्ष बढुवा रोक्का, ६ महिना कैद र पचास हजार जरिवाना, २ जना सह सेनानीहरूलाई १/१ वर्ष बढुवा रोक्का, ६ महिना कैद र पच्चिस हजार रुपैयाका दरले जरिवाना गरी निजको हकवालालाई क्षतिपूर्ति स्वरुप दिने फैसला गरेको भनी मानव अधिकार उल्लंघन भएको तथ्य स्वयं स्वीकार गरी दोषीलाई कारबाही समेत भइ सकेको देखियो । सो सम्बन्धमा मिति ०६४ माघ १७ गते मैना सुनारको हत्यामा संलग्न चार सैनिक बबी खत्री, सुनिलप्रसाद अधिकारी, अमित पुन र निरञ्जन बस्नेतबिरुद्ध जिल्ला अदालत काभ्रेमा जिल्ला सरकारी वकीलको कार्यालयले सरकारको तर्फबाट सरकारी मुद्धा सम्बन्धि ऐन २०४९ को दफा १८ अन्तर्गत कर्तब्य ज्यान सम्वन्धी महलको १३/३ अनुसार कसुर गरेको ठहर गरी सजाँयको माग गरी मुद्धा दर्ता भइसकेकोले सोही अदालती प्रकृयाबाट कसुरदारले दण्ड पाउने हुँदा यसमा केही गरिरहनु परेन । अतः मानवअधिकार उल्लंघनबाट पिडित परिवारलाई राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १७ बमोजिम तीनलाख रुपैया क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो ।'

## परिपूरण

आरोपित सैनिकहरूबाट भराइएको हर्जनासमेत ३ लाख रुपैया आमा देबीले २०६५ माघ १२ गते बुझेकी छन् । यस बाहेक सरकारले प्रदान गरेको ३ लाख अन्तरिम राहात २०६९ असार २६ गते यो परिवारले बुझेको छ । आइसीआरसीले द्वन्द्वपीडितलाई सानाअनुदान कोषअर्न्तगत, इन्सेक र एडभोकेसी फोरमले बाबु पूर्णबहादुरको काजकिरियाका लागि १०-१० हजार सहयोग गरेको अभिलेखबाट देखिन्छ । सिविनको शान्ति गृह पस्थलीमा मृतकका भाइहरूलाई राखेर पढाइयो । सशस्त्र द्वन्द्वमा आफ्नी छोरी गुमाएपछि न्यायका लागि भौतारिएका ५१ वर्षीय पूर्णबहादुर सुनार ०६६ असोज २३ गते बनेपा बुडोलस्थित जंगलमा विष सेवन गरेर आत्महत्या गरे । आमा देवी छोराहरूभन्दा छुट्टै बस्दै आएकी छिन् ।

## अभिलेख

- **कान्तिपुर दैनिक**ले ०६६ पुस ७ गतेको अंकमा तात्कालिन रक्षामन्त्री विद्यादेवी भण्डारीको भनाईलाई समाचार बनाएको छ । **'बस्नेतलाई कारबाही हुन दिन्नँ'** शिर्षकमा छापिएको समाचारमा सैनिक अदालतले कमाण्डरको आदेशमा सुनारलाई पक्राउ गरी बुझाउने काममा मात्र

संलग्न रहेको भन्दै बस्नेतलार्य सफाई दिएको थियो । कान्तिपुर दैनिककै ०६६ पुस ४ गतेको अंकमा बस्नेत प्रकरणमा **सरोकारवाला विभाजित** भएको समाचार छापेको छ ।

- **कान्तिपुर दैनिक**ले ०६६ पुस २३ गतेको अंकमा राष्ट्रसंघले घुमाउरो तरिकाले गल्ती स्वीकारेको उल्लेख गर्दै **'अधिकारकर्मीको दवावले बस्नेत हतारमा फिर्ता'** शिर्षकमा समाचार छापेको छ ।
- मैना सुनारको गैरकानुनी गिरफ्तारीदेखी हालसम्म स्थानीय र राष्ट्रियतहका पत्रपत्रिकामा प्रकाशित लेख, समाचार र टिप्पणीहरूको कटिङ क्लिपहरू राखिएको छ ।
- नेपाल मानव अधिकार बर्ष पुस्तक-२००५ को पेज ३५२, विगतको अनुगमन शिर्षकमा वर्ष पुस्तक-२००६ को पेज ३४७ मा घटनाका विषयमा उल्लेख छ ।
- संयुक्त राष्ट्रसङ्घ, राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालले मैना सुनुवारको हिरासतमा यातना र मृत्यु शिर्षकमा सार्वजनिक गरेको अध्ययन प्रतिवेदन- http://nepal.ohchr.org/en/resources/Documents/English/reports/IR/Year2006/2006_12_01_HCR%20_Maina%20Sunuwar_E.pdf
- 'न्यायको खोजीमा देवी' मैना सुनार हत्याकाण्डसँग सम्वन्धीत छोटो जानकारी : जवाफदेहीता निगरानी समिति काठमाडौं ।
- मृतक मैनाको बाबु पूर्णबहादुर र आमा देवीले जिल्ला प्रशासन कार्यालय काभ्रेमा दिएका निवेदनको प्रतिलिपीहरू ।
- नेपाली सेना जनरल सैनिक अदालतको फैसलाको प्रतिलिपी ।
- सर्वोच्च अदालत संयुक्त इजलास (रिट नम्बर - ०६४१) को उत्प्रेषण समेतको आदेश, परमादेशको प्रतिलिपी ।
- लास उत्खनन् र घटनासँग सम्वन्धीत तस्वीरहरू ।
- Forensic Anthropology, लास परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- जिल्ला प्रहरी कार्यालय काभ्रेमा मुद्दा दर्ता भएको समयदेखी प्रहरी र नेपाली सेनावीचमा भएका पत्राचारको प्रतिलिपीहरू ।
- जिल्ला प्रहरी कार्यालय काभ्रे धुलिखेलमा आमा देवी सुनारले चढाएको जाहेरी दरखास्त । प्रहरीले मुद्दा दर्ता नगरेको भनी जिल्ला प्रशासन कार्यालय र सर्वोच्च अदालतमा दिएका निवेदनका प्रतिलिपीहरू ।
- जिल्ला अदालत धुलिखेलमा सरकारी मुद्दासम्वन्धी ऐन २०४९ को दफा १८ अर्न्तगत दायर गरिएको अभियोग पत्रको प्रतिलिपी ।
- मैना सुनारको गैरन्यायिक हत्या अध्ययन प्रतिवेदन : इन्सेक काभ्रे ।
- मैना सुनुवार : असंगत तर्कहरू र वास्तविकता, एड्भोकेसी फोरम, नेपाल ।
- न्यायको पर्खाइमा नेपालको सशस्त्र द्वन्द्वको अदण्डित अपराधहरू, एड्भोकेसी फोरम, नेपाल ।
- घटनाका विषयमा जारी गरिएका संयुक्त राष्टसंघिय मानवअधिकार उच्चायुक्त नेपालको प्रेस विज्ञप्तीहरू ।
- एमनेष्टी इन्टरनेशनलले जारी गरेको 'अर्जेन्ट नोटिस' ।
- ह्युमन राइट्स वाचको न्युयोर्कबाट प्रकाशित विज्ञप्ति ।
- राष्ट्रिय मानवअधिकार आयोगले घटनाका विषयमा छानविन गरी परिवारलाई दिएको पत्र ।